आज मिती २०८२ साल चैत्र २४ गते दिउँसो १:०० बजे गोकुलगंगा गाउँपालिकाको दोश्रो कार्यकालको ५७ औं कार्यपालिकाको वैठक गाउँपालिका अध्यक्ष श्री काजी बहादुर खड्काको अध्यक्षता तथा तपशिलका पदाधिकारीहरुको उपस्थितीमा बसी देहाय वमोजिमको विषयमा छलफल गरी निर्णय गरीयो ।

**तपशिल**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री काजी बहादुर खड्का | अध्यक्ष | | |
| २ | श्री उषा देवी कार्की | उपाध्यक्ष | | |
| ३ | श्री छत्र बहादुर वस्नेत | वडा नं. १, वडाध्यक्ष | | |
| ४ | श्री सुन्दर कुमार कार्की | वडा नं. २, वडाध्यक्ष | | |
| ५ | श्री नर विक्रम कार्की | वडा नं. ३, वडाध्यक्ष | | |
| ६ | श्री नबराज खड्का | वडा नं. ४, कार्यबाहक वडाध्यक्ष | | |
| ७ | श्री दिपक कार्की | वडा नं. ५, वडाध्यक्ष | | |
| ८ | श्री चन्द्र बहादुर सुनुवार | वडा नं. ६, वडाध्यक्ष | | |
| ९ | श्री दिर्घ माया खत्री | कार्यपालिका सदस्य | | |
| १० | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| ११ | श्री मोहन मायाँ सुनुवार | कार्यपालिका सदस्य | | |
| १२ | श्री ज्ञान कुमारी थापामगर | कार्यपालिका सदस्य | ज्ञान | |
| १३ | श्री कैलाश सुनुवार | कार्यपालिका सदस्य | | |
| १४ | श्री मैना खड्का | कार्यपालिका सदस्य | | |
| १५ | श्री दिनेश भट्टराई | प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव | | |

स्थानीय सरकार
गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

## ५७ औं कार्यपालिका बैठकमा छलफल हुने विषयहरु:-

१. अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरुको समिक्षा गर्ने सम्बन्धमा ।

२. योजना सम्झौता सम्बन्धमा ।

३. बालमैत्री स्थानीय शासन स्थानीय तह घोषणा सम्बन्धमा छलफल गर्ने सम्बन्धमा ।

४. आगामी आ.व. ०८३/८४ को नीति कार्यक्रमा तथा बजेट सम्बन्धमा ।

५. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) सम्बन्धमा ।

६. विद्यालय भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

७. विपद् व्यवस्थापन समितिका निर्णयहरु अनुमोदन तथा राहत रकम सिफारिस सम्बन्धमा।

८. 'घ' वर्गको फर्मलाई ईजाजत पत्र प्रदान गर्ने सम्बन्धमा।

९. चौंचला बन्चरे झो.पु. आयोजना माग गर्ने सम्बन्धमा।

१०. बालकल्याण अधिकारी तोक्ने सम्बन्धमा।

११. आर्थिक सहयोग तथा सहायता प्रदान गर्ने सम्बन्धमा।

१२. कृषि यन्त्र खरिद तथा वितरण सम्बन्धमा ।

**निर्णयहरु:-**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गरी अघिल्लो वैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका कार्यालयको स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट अनुसार सञ्चालन तथा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने विकास निर्माणसँग सम्बन्धित सम्पुर्ण योजना/परियोजनाहरुको सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीसँग प्रचलित कानुन, मापदण्ड तथा कार्यविधि बमोजिम आगामी बैशाख १५ गते भित्र सम्झौता गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा **बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम** यस स्थानीय तहलाई बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक सूचक, मापदण्ड तथा प्रक्रिया पूरा गर्न सम्बन्धित शाखालाई सक्रिय बनाई यसका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने, सरोकारवाला निकायसँग समन्वय गर्ने तथा निर्धारित मापदण्ड पूरा गरी गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

स्थानीय सरकार गोकुलगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप बागमती प्रदेश, नेपाल

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा कार्यलाई समयमै सम्पन्न गर्न आवश्यक तयारी अगाडि बढाउने निर्णय गरियो। यसका लागि सबै शाखाबाट योजना तथा कार्यक्रम प्रस्ताव संकलन गर्ने, प्राथमिकता निर्धारण गर्ने तथा स्थानीय आवश्यकता, उपलब्ध स्रोत र संघीय तथा प्रदेश नीतिसँग समन्वय गरी यथार्थपरक बजेट तयार गर्न विभिन्न शाखा तथा वडा कार्यालयहरुलाई योजना तथा बजेट तर्जुमाका लागि मिति २०८३ वैशाख १० गते सम्ममा बजेट सिलिङ उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गोकुलगंगा गाउँपालिकाको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) अन्तर्गतका सूचकहरूको वर्तमान अवस्था समीक्षा गरी न्यून प्रगति भएका सूचकहरू सुधार गर्न कार्ययोजना तयार गर्ने निर्णय गरियो। साथै, आवश्यक प्रमाण (evidence) व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने, सम्बन्धित शाखाबीच समन्वय गर्ने र नियमित रूपमा प्रगति अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसहमतीमा पारित गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा श्री कमला देवि मा.वि. नामाडीका लागि राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चार कोठा भवन निर्माणका लागि बजेट विनियोजन भएको भएतापनि विद्यालयको नाममा भएको जग्गामा उक्त भवन निर्माण गर्न पुग्ने गरी उपलब्ध जग्गा अपर्याप्त भएकाले यस गोकुलगंगा गाउँपालिका, ५ नं. वडा कार्यालय अन्तर्गत वडा समितिको मिति २०८२/१२/०५ गतेको निर्णयानुसार सोही वडा कार्यालयको नाममा रहेको जग्गा (कि.नं. २६२, क्षेत्रफल एक रोपनी) मा सो भवन निर्माणका लागि स्वीकृत गर्न सिफारिस भई आएकोले नियमानुसार जग्गा उपलब्धको स्वीकृती प्रदान गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समितिको आजको बैठकबाट गरिएका निर्णयहरू कार्यपालिकामा प्रस्तुत भई छलफल गरियो। प्रस्तुत निर्णयहरूलाई आवश्यक समीक्षा पश्चात् अनुमोदन गर्ने तथा ती निर्णयहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक देखिएकोले प्राकृतिक प्रकोपजन्य विपद् जस्तै आगालागी, हावाहुरी, पहिरोबाट पिडित देहायका स्थानीय जनता, सामुदायिक विद्यालयहरु तथा विभिन्न ठाउँमा भएको विपद्जन्य क्षतीलाई न्युनिकरण गर्न यस

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

कार्यालयबाट पहिरो नियन्त्रणका लागि जाली प्रदान गरी जाली भर्नका लागि र देहाय वमोजिम राहत स्वरुप देहाय अनुसार रकम प्रदान गर्ने निर्णय गरियो ।

**देहाय,**

| क्र. सं. | विपद्बाट पिडित व्यक्ति/संस्था/ठाउँ वा स्थानको नाम | ठेगाना | राहत रकम | राहत प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|
| १. | गम्मे सार्की | रस्नालु | रु.२०,०००।- | आगालागी | राहत स्वरुप |
| २. | पदम बहादुर कार्की | रस्नालु | रु.१०,०००।- | हावाहुरी | राहत स्वरुप |
| ३. | गणेश बहादुर तामाङ | रस्नालु | रु.१०,०००।- | हावाहुरी | राहत स्वरुप |
| ४. | शंखवीर तामाङ | रस्नालु | रु.१०,०००।- | हावाहुरी | राहत स्वरुप |
| ५. | रवी कार्की | रस्नालु | रु.१०,०००।- | हावाहुरी | राहत स्वरुप |
| ६. | भक्त बहादुर कार्की | रस्नालु | रु.१०,०००।- | हावाहुरी | राहत स्वरुप |
| ७. | श्री सेती देवी मा.वि. | चुचुरे | रु.२००,०००।- | छानो छाउनका लागि | निर्माण कार्य गर्न |
| ८. | ढाँडे पहिरो नियन्त्रण | नामाडी | रु.२,३६,९००।- | पहिरो रोकथाम | निर्माण कार्य गर्न |
| ९. | खड्ग बहादुर खड्का | नामाडी | रु.१०,०००।- | हावाहुरी | राहत स्वरुप |
| १०. | विक्रम वाईवा | नामाडी | रु.९,०००।- | सडकमा भएको खाल्टो पुर्न | निर्माण कार्य गर्न |
| ११. | श्री जनजागृत मा.वि. | बेताली | रु.१,००,०००।- | पहिरो रोकथाप | निर्माण कार्य |
| १२. | रिता देवी खड्का | बेताली | रु.५०,०००।- | पहिरो रोकथाप | निर्माण कार्य |
| १३. | गुम्र बहादुर कार्की | बेताली | रु.६६,०००।- | पहिरो रोकथाप | निर्माण कार्य |
| १४. | सिताराम कार्की | बेताली | रु.५३,०००।- | पहिरो रोकथाप | निर्माण कार्य |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| १५. | राम्जी नेपाली | नामाडी | रु.३५,०००।- | पहिरो रोकथाप | निर्माण कार्य |
| १६. | ईशाक राई | चुचुरे | रु.३०,०००।- | आगालागी | राहत स्वरुप |

**निर्णय नं. ८**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा प्रस्तुत निवेदन तथा कागजातहरूको अध्ययन गरी प्रचलित कानुन, मापदण्ड तथा प्रक्रिया पूरा भएको आधारमा श्री गोफ्ले बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि., गोकुलगंगा-३, रस्नालु र श्री फरिश्ता बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि., गोकुलगंगा-३, रस्नालु दुबै "घ" वर्गका फर्महरुलाई नियमानुसार व्यवसाय इजाजत पत्र प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका वडा नं. ४, बेताली र वडा नं. ५, नामाडीको सिमानामा पर्ने **चौंचला बन्चरे झोलुङ्गे पुल निर्माण**को आवश्यकतालाई मध्यनजर गर्दै श्री सस्पेन्सन बृज डिभिजन, श्रीमहल, पुल्चोक, ललितपुरमा आयोजना माग गर्ने निर्णय गरियो। साथै, आवश्यक प्राविधिक विवरण, लागत अनुमान तथा प्रस्ताव तयार गरी समयमै पेश गर्ने र आयोजनाको स्वीकृतिका लागि पहल गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस स्थानीय तहमा बालबालिकाको हक अधिकार संरक्षण तथा बाल अधिकार सम्बन्धी कार्य/कार्यक्रम प्रभावकारी बनाउन यस कार्यालयका सामाजिक विकास समितिका सदस्य सचिव/शिक्षा अधिकृत श्री नरेन्द्रसिंह भण्डारीलाई यस गाउँपालिको बालकल्याण अधिकारी तोक्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका भित्रका देहायका व्यक्तिहरुको पारिवारिक आर्थिक अवस्था कमजोर भएको भनी देहायको प्रयोजनका लागि आर्थिक रकम माग गर्नुभएकोले देहाय अनुसार रकम भुक्तान गर्न सिफारिस गर्ने निर्णय सर्वसहमतीमा गरियो ।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

| सि.नं. | व्यक्तिको नाम | ठेगाना | सिफारिस रकम | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|
| १. | मनिस फुयाल | गोकुलगंगा गाउँपालिका | रु. १९,०००।- | प्रोजेक्ट वर्क तयारी कार्यका लागि | हाल TU अन्तर्गत त्रिचन्द्र क्याम्पसमा बि एस सी चौथो बर्षमा अध्ययनरत विद्यार्थी । |
| २. | अनिता कार्की | गोकुलगंगा गाउँपालिका | रु.१,००,०००।- | हिमाल आरोहणका लागि सहयोग | नेपालको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्दा धेरै खर्च लाग्ने देखिएको । |

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिकाको हिउँदे सभाबाट विनियोजित भएको **कृषि यन्त्र खरिद तथा वितरण** बजेट शिर्षकबाट देहायका कार्यक्रमहरु देहायका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।

कृषक फर्म/समूह/सहकारी छनौटका आधारः

१. स्थापनाकाल देखि नै कृषि पेशामा आवद्ध भई विभिन्न व्यवसाय गर्दै आएका र हालसम्म अनुदान कार्यक्रममा सहभागी नभएका कृषक फर्म/समूह/सहकारीलाई प्राथमिकता दिने ।

२. आ.व. २०८०/८१ र २०८१/८२ मा अनुदान कार्यक्रममा आवद्ध भएका कृषक फर्म/समूह/सहकारीलाई नदोहोऱ्याउने ।

३. विभिन्न सूचीकृत सप्लायर्सबाट प्राप्त दररेट सूची अध्ययन गरी तिनको औषत मूल्यलाई निर्धारण गरी सोको अध्ययन पश्चात अनुदान कार्यक्रममा दरखास्त दिने कृषक फर्म/समुह/सहकारीहरुलाई पालिकाद्वारा प्रदान गर्न सकिने अधिकतम साझेदारी रकम तपशिल बमोजिम निर्धारण गरी प्रदान गर्ने ।

| सि.नं. | विविध यन्त्र | कुल लागत | पालिकाको लागत साझेदारी अधिकतम ५०% |
|---|---|---|---|
| १ | Minitiller (Diesel) | 60,000 | 30,000 |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २ | Minitiller (Petrol) | 35,000 | 17,500 |
| ३ | Electrical Thresher | 53,000 | 26,500 |
| ४ | Petrol Thresher | 50,000 | 25,000 |
| ५ | Combine Mill | 36,000 | 18,000 |

स्थानीय सरकार
...कुलगंगा गाउँपालिका
गाउँपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष